नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ११५ २०८० साल मंसिर १८ गते सोमबार (4 Dec. 2023 Monday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अपाङ्गताबारे ऐन, कानुनको.. २ पृष्ठमा : पदयात्रामा गएका अलपत्र ... ४ पृष्ठमा : बृहत् निशुल्क क्रिकेट...

# सप्तरीमा २ सय १२ जना बौद्धिक अपाङ



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

सप्तरी जिल्लामा २ सय १२ जना बौद्धिक अपाङगता भएका व्यक्तिहरु रहेका छन् । ३२ औं अर्न्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आइतबार आयोजित एक कार्यक्रममा सो जानकारी दिइएको हो ।

समावेशी अपाङ्गता संघ, बौद्धिक अपाङ्गता अभिभावक संघ तथा बौद्धिक अपाङ्गता संघ सप्तरीले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा ६५ जना ४० वर्ष मुनीका रहेको बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदिश प्रसाद अर्यालले जानकारी दिए ।

उनले बौद्धिक अपाङ्गता भएका ब्यक्ती मध्ये गरिब र विपन्न समुदायको छनौट गरी आउदो दिनमा समेत उनीहरुलाई पनि विभिन्न खाले सहयोग जुटाउने तयारी भईरहेको बताए ।

कार्यक्रममा बौद्धिक अपाङ्गता भएका विपन्न र गरिब समुदायका २० जना छात्र- छात्राहरुलाई कम्बल वितरण समेत गरिएको छ । कम्बल पाउनेहरुमा सबै राजविराज ६ स्थित बहिरा बालक स्कुलका छात्र-छात्राहरु हुन् ।

समावेशी अपाङ्गता संघ सप्तरीका अध्यक्ष सतिष चन्द्र झाका अनुसार राजविराज नगपालिकाको सहयोगमा बौद्धिक अपाङ्गता भएका विपन्न समुदायका छात्र छात्राहरुलाई कम्बल संगै शारिरीक अशक्त भई कष्टकर

*बाँकी तीन पृष्ठमा*

# राष्ट्रियसभा सदस्य निर्वाचनको तयारीमा आयोग

काठमाडौँ, १७ मङ्सिर (रासस) ।

निर्वाचन आयोगले आगामी माघ ११ गते बिहीबार हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि तयारी सुरु गरेको छ । सोका लागि आयोगले यही मङ्सिर ३० गते मतदाता नामावली प्रकाशन, आगामी पुस १६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सातवटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना र पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता गराउने गरी निर्वाचन कार्यक्रम ल्याउने तयारी गरेको छ ।

आयोगको परामर्शमा यही मङ्सिर १३ गते नेपाल सरकारबाट निर्वाचनको मिति तोकिएपछि आफूहरू तयारीमा लागेको र आयोगबाट मङ्सिर १४ गते निर्वाचन कार्यक्रम स्वीकृत भएको आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले जानकारी दिनुभयो । स्वीकृत कार्यतालिकाअनुसार यही मङ्सिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन हुनेछ ।

राजनीतिक दल दर्ता भएपछि आगामी पुस १ गते राजनीतिक दललाई निर्वाचन चिन्ह प्रदान गरी पुस ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइनेछ ।

नेपालको संविधानको धारा ८६ को उपधारा (३) बमोजिम राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि २०८० फागुन २० गते समाप्त हुन लागेको र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले (माघ १५ गते सम्म) निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

आगामी फागुन २० गते निर्वाचित १९ र सरकारबाट मनोनित एक गरी २० सदस्यको

*बाँकी तीन पृष्ठमा*

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# अपाङगता भएका व्यक्तिलाई ई. यादवको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

शारीरिक रुपमा असक्त भएकाहरुलाई आइतबार एक संस्थाले सहयोग गरेको छ ।

३२ औं अन्तरीष्ट्रिय अपाङगता दिवसको अवसर पारेर धर्मी हल्फा महिला विकास क्लबले अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गरेको हो ।

संस्थाका अध्यक्ष एवं समाजसेवी ई सूर्यनारायण यादवले ती अपाङ्गता भएका व्यक्तिहरुको घरमै पुगेर सहयोग गरेका हुन् ।

राजविराज ९ मलेठमा पुगेर दुई जना असशक्त अपाङलाई न्यानो लुगा, भाडाकुडा, तन्ना, झुल, म्याट्रेस लगायतका सामाग्रीहरू प्रदान गरिएको सो संस्थाले जनाएको छ ।

## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सबै सरोकारवालाको प्रयास आवश्यक

अपाङगता भएका व्यक्तिहरुको राज्यले अझै विस्तृत तथ्याङ्क राख्न सकेको छैन । सरकारले उपलब्ध गराएका सेवासुविधाबाट अझै पनि दुर्गम र गरिबीको अवस्थामा रहेका पूर्ण अशक्त, अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरू बञ्चित रहेको अवस्था छ । अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भए पनि सरकारी संयन्त्रहरूमा नै यसको प्रयोग गरिएको पाइँदैन । यसकारण राज्य प्रदान गर्दै आएको सेवा सुविधामा तथ्याङगत रुपमा स्पष्ट हुन सकेको छैन् ।

यता भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिक जीवन कष्टकर बनेको छ । उनीहरूले अन्यसरह सेवासुविधा र अवसरहरू उपयोग गर्नबाट बञ्चित छन् । पूर्ण अशक्त, बौद्धिक, अटिजम, हेमोफिलिया, डाउन सिन्ड्रोम, श्रवण दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन सकिएको छैन् । अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् भने विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाएका छैनन् ।

अपाङ्गता भएका व्यक्तिका सवालहरू, नीति तथा कानुनहरू, अपाङ्गताको प्राविधिक पक्ष, यसको सामाजिक अवधारणा आदिको बारेमा प्रदेश स्तरका र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा उनीहरूका लागि बनेका ऐन, कानुन, नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तसर्थ अपाङ्गता आफैंमा एउटा बहुआयामिक समावेशी विकासको सवाल भएकाले यसलाई सम्बोधन गर्न सबै सरोकारवालाको प्रयास जरूरी छ ।

# अपाङ्गताबारे ऐन, कानुनको प्रभावकारी कार्यान्वयनमा समस्या

**सुशील दर्नाल**

काठमाडौं, १७ मङ्सिर (रासस) । अपाङ्गता भएका व्यक्तिहरूको ३२औं अन्तर्राष्ट्रिय दिवस यही मङ्सिर १७ गते ३ डिसेम्बर तारिखका दिन विश्वभर विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । तर अपाङ्गतासम्बन्धी नीति तथा कानुनको कार्यान्वयनमा समस्या र चुनौती देखिएका छन् ।

राज्यले अझै पनि अपाङ्गता भएका व्यक्तिको विस्तृत तथ्याङ्क राख्न सकेको छैन । सरकारले उपलब्ध गराएका सेवासुविधाबाट अझै पनि दुर्गम र गरिबीको अवस्थामा रहेका पूर्ण अशक्त, अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरू बञ्चित रहेको अवस्था छ । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले गरेको एक अध्ययनमा प्रतिआठ जनामध्ये एक जनाले मात्र सहायक सामग्री प्राप्त गरेको अवस्था छ । अझ विस्तृतमा हेर्ने हो भने अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भए पनि सरकारी संयन्त्रहरूमा नै यसको प्रयोग गरिएको पाइँदैन ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष देवीदत्त आचार्यले भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिक जीवन कष्टकर छ र उनीहरूले अन्यसरह सेवासुविधा र अवसरहरू उपयोग गर्न नपाएको बताउनुभयो । उहाँले पूर्ण अशक्त, बौद्धिक, अटिजम, हेमोफिलिया, डाउन सिन्ड्रोम, श्रवण दृष्टिविहीन, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन नसकेको गुनासो गर्नुभयो ।

रोजगारी प्रवर्द्धन र रोजगारीका अवसरहरूमा अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउन विशेष पहलहरू गर्नु जरूरी छ । अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् भने विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाएका छैनन् । अध्यक्ष आचार्यले भन्नुभयो, "सामाजिक विभेद्, भौतिक अवरोधहरू र आवश्यकतामा आधारित शिक्षा नपाउँदा अपाङ्गता भएका बालबालिकाहरूले विद्यालय छोड्ने दर पनि उच्च रहेको शिक्षा विभागले प्रकाशन गरेका प्रतिवेदनहरू र सन् २०१६ मा गरेको अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सर्भेक्षणले समेत देखाएको छ ।"

अपाङ्गता आफैंमा एउटा बहुआयामिक समावेशी विकासको सवाल भएकाले यसलाई सम्बोधन गर्न सबै सरोकारवालाको प्रयास जरूरी छ । अपाङ्गता भएका व्यक्तिका सवालहरू, नीति तथा कानुनहरू, अपाङ्गताको प्राविधिक पक्ष, यसको सामाजिक अवधारणा आदिको बारेमा प्रदेश स्तरका र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा उनीहरूका लागि बनेका ऐन, कानुन, नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

महिला अपाङ्गता सङ्घ नेपालका अध्यक्ष टीका दाहालले नेपाल सरकाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि बनेका ऐन, कानुन, नीति, नियमहरूलाई कार्यान्वयन गर्न सङ्घीयस्तरमा प्रधानमन्त्री कार्यालयमा 'अपाङ्गता अधिकार प्रबर्द्धन समिति' गठन गरी सोको संरचना सङ्घ, प्रदेश र स्थानीय तहसम्म पुर्याउनु पर्ने माग गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूले नेपालका सबै समावेशी विकासका गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिका आवश्यकता र सवालहरूलाई समावेश गरिनुपर्ने, हालसम्म नेपालमा भौतिक विकास, मानवअधिकार, सुशासन, आर्थिक सशक्तीकरण, शिक्षा, स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय विकास सझेदारले आफ्ना नीति, कार्यक्रम र बजेटमा अपाङ्गता को सवालहरूलाई मानवअधिकार र विकासको दृष्टिकोणबाट समेट्न सकेको छैन । अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा मानवअधिकारका दस्तावेजलाई अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार पूर्णरुपमा आत्मसात गरी आफ्ना नीति र कार्यक्रमहरूमा अपाङ्गता को सवाल समावेश गरिनुपर्ने माग उठ्दै आएको छ ।

हाल सञ्चालनमा रहेका अपाङ्गता पुनःस्थापना केन्द्रहरूले सबै प्रकृतिका अपाङ्गता का लागि सेवा प्रवाह गर्न नसकेको र कार्य क्षेत्र पनि सीमित भएकाले पुनःस्थापना सेवा सरकारको स्वास्थ्य प्रणालीअन्तर्गत एकीकृत गरेर देशभरि पुऱ्याउनुपर्ने अपाङ्ग महासङ्घ नेपालको भनाइ छ । यस क्षेत्रमा काम गर्ने सबै निकायहरू, एकपक्षीय, द्विपक्षीय र बहुपक्षीय विकास साझेदार र दाताहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २५ ( स्वास्थ्य) र २६ (वासस्थान र पुनःस्थापना) का प्रावधानहरूलाई मुख्य प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइएको छ ।

विश्व स्वास्थ्य सङ्गठन र विश्व बैंकले सन २०११ मा प्रकाशित पछिल्लो अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदनअनुसार संसारको कुल जनसङ्ख्याको १५ प्रतिशत मानिस कुनै न कुनै रूपमा अपाङ्गता को अवस्थामा बाँचिरहेका छन् र यो हरेक वर्ष बढ्ने क्रममा रहेको छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका अनुसार अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसङ्ख्याको ८० प्रतिशत विकासोन्मुख देशमा रहेका छन् ।

विश्व बैंकका अनुसार विश्वका अति गरिब मानिसमा २० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू पर्दछन् । अपाङ्गता भएका महिलाहरू लैङ्गिक र अपाङ्गता को आधारमा गरिने दोहोरो विभेद्को मारमा परेका छन् । युनिसेफका अनुसार सडक युवाहरूमा ३० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् भने अपाङ्गता भएका बालबालिकाको मृत्युदर अन्य बालबालिकाको तुलनामा निकै उच्च रहेको छ । युनेस्कोले उजागर गरेको तथ्यअनुसार विकासोन्मुख देशमा ९० प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय जानबाट बञ्चित रहेका छन् ।

विश्व बैंक र विश्व स्वास्थ सङ्गठनको दाबीलाई मान्ने हो भने नेपालमा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ३० लाखको हाराहारीमा हुनुपर्छ । राष्ट्रिय जनगणना २०७८ मा कुल जनसङ्ख्याको २.२ प्रतिशत मानिसमा मात्र अपाङ्गता रहेको देखिन्छ । अपाङ्गता कुनै असक्षमता, व्यक्तिको कमजोरी वा कुनै भौतिक शरीर वा मानसिक अवस्थासँग जोडिएको विषय मात्र होइन । यो एउटा समग्र अवस्था हो ।

एक अध्ययनका अनुसार ७० वर्षभन्दा माथिका हरेक व्यक्तिले औसतमा झण्डै आफ्नो जीवनको ११ प्रतिशत आयु कुनै न कुनै रूपमा मानसिक वा शारीरिक कार्य सीमिततामा बाँच्नुपर्छ, जुन अपाङ्गता को अवस्था हो । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ ले पनि अपाङ्गता लाई व्यक्तिगत वा शारीरिक अवस्था नभनेर विभिन्न प्रकारका भौतिक पूर्वाधारजन्य अवस्था, दृष्टिकोणजन्य अवस्था, सञ्चारसम्बन्धी र सामाजिक अवरोधहरूको परिणाम हो

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

### *अपाङ्गताबारे ऐन,...*

भनेको छ ।

नेपाल सरकारले नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ ( प्रथम संशोधन २०७५) मा जारी गरिएको छ भने अपाङ्गता मैत्री सञ्चार निर्देशिका २०७३ जारी गरेको छ । त्यसैगरी नेपाल सरकारको मन्त्रिपरिषद्बाट २०६९ फागुन ६ गते अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका स्वीकृत भई कार्यान्वयनको चरणमा छ । सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावली २०७७ भदौ १ गते जारी गरेको छ । अपाङ्गता अधिकारकर्मी सुगम भट्टराईले राज्यले अपाङ्गताबारे ऐन कानून बनाएपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको टिप्पणी गर्नुभयो ।

**अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस**

अपाङ्गता भएका व्यक्तिहरूको अन्तराष्ट्रिय दिवस अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर एकीकृतरुपमा प्रवर्द्धन गर्न सन् १९९२ देखि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो । शुरुमा यस दिवसलाई अन्तर्राष्ट्रिय अपाङ्गता दिवस भनिन्थ्यो तर २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्र सङ्घको ६१औं महासभाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि पारित गरी २००८ देखि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस भनी नामकरण गरेर विश्वभर एकैसाथ ३ डिसेम्बरका दिन मनाउन थालिएको हो । अपाङ्गता भएका व्यक्तिहरूको स्वयंको संलग्नतालाई अधिकार प्राप्तिको अभियानमा नसमेटेसम्म अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार र समामाजिक समावेशीकरण हुन नसक्ने ठम्याइका साथ स्वयं अपाङ्गता भएका व्यक्तिहरूको सकृयतामा सन् १९७६ मा संयुक्त राष्ट्र सङ्घले सन् १९८१ लाई 'पूर्ण सहभागिता र समता' भन्ने मूल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा मनाउने घोषणा गऱ्यो ।

सोही वर्ष अन्तर्राष्ट्रिय अपाङ्ग परिषद्को गठन भएको थियो । यसपछि सन् १९८२ को डिसेम्बर ३ मा संयुक्त राष्ट्र सङ्घले अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा नै पुनःस्थापना, शिक्षा, स्वस्थ्य र रोजगारीको अवसर सुनिश्चितता र देशहरूले अपाङ्गता सम्बन्धी नीति अबलम्बन गर्नु पर्ने कुरामा जोड दिँदै अपाङ्गतासम्बन्धी १० वर्षे विश्व कार्ययोजना पारित गरी लागू गऱ्यो । यसलाई विश्वभर प्रभावकारीरूपमा कार्यान्वयन गराउन सन् १९८३ देखि १९९२ सम्मको अवधिलाई अन्तर्राष्ट्रिय अपाङ्गता दशकको रूपमा घोषणा गरियो ।

सन् १९८७ मा उक्त विश्व कार्ययोजनाको कार्यान्वयन र उपलब्धिहरूको समीक्षा गर्दा न्यून उपलब्धि भएको पाइएकाले सो कार्ययोजना पारित गरेको दशौं वर्षको अवसर पारेर सन् १९९२ देखि डिसेम्बर ३ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरी विश्वभर मनाउन थालिएको हो । सन् १९९३ मा राष्ट्रिय अपाङ्ग महासङ्घको स्थापना भएदेखि नेपालमा यो दिवस मनाउन थालिएको हो । यस वर्ष 'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिबद्धता; अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता' भन्ने नारा तय गरिएको छ ।

### *सप्तरीमा २ सय १२...*

जीवन बिताउन बाध्य भएका २ जनालाई ह्विल चेयर र बाल्टीन समेत प्रदान गरीएको छ ।

अशक्तहरुको जीवन सहज होस भन्ने उद्देश्यले उक्त सहयोग गरीएको कार्यक्रमको प्रमुख अतिथी समेत रहेकी राजविराज नगरपालिकाका समाजीक विकाश शाखा अधिकृत अनिता चौधरीले बताईन ।

शारिरीक रुपमा अशक्त तथा चिसोबाट बढी प्रभावित गरिब, विपन्न, असहाय परिवारको सुची तयार पारी आवश्यक्ता अनुसार ह्विल चेयर, अन्य उपकरण तथा न्यानो कपडा वितरण गर्ने योजना बनाइएको बौद्धिक अपाङ्गता संघ सप्तरीका अध्यक्ष शम्भु चौरसीयाले बताए ।

आयोजक संस्थाका प्रतिनिधी नरेश चौधरीद्वारा संचालित कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी, बैद्यनाथ झा, नेपाल प्रत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझी, बौद्धिक अपाङ्गता संघका उपाध्यक्ष महेश कुमार ठाकुरले पनि शुभकामना दिँदै शारिरीक रुपमा अशक्त भएका नागरिकहरुलाई कुनै भेदभाव नगरी घर परिवार, समाज र राष्ट्रले उचित सम्मान दिनु पर्ने मा जोड दिएका थिए ।

### *राष्ट्रियसभा सदस्य ...*

पद रिक्त हुँदैछ । निर्वाचनका लागि मतदाता रहेका प्रदेशसभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट निर्णय भएको भइसकेको छ । उक्त सभामा प्रत्येक दुई वर्षमा रिक्त हुने एक तिहाइ सदस्य पदको प्रत्येक वर्ष निर्वाचन हुँदै आएको छ ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# विश्व समाचार

## पदयात्रामा गएका अलपत्र १८० जना विद्यार्थीको उद्धार

कोलम्बो, १७ मङ्सिर (रासस/सिन्ह्वा) ।

श्रीलङ्काको सेना र प्रहरीले पदयात्राको क्रममा हान्थाना पहाडमा फसेका विश्वविद्यालयका करिब १८० जना विद्यार्थीको उद्धार गरेको छ । क्यान्डी हेडक्वार्टर पुलिस स्टेशनका प्रवक्ताले बताएअनुसार ती अलपत्र परेका विद्यार्थीहरू पश्चिमी प्रान्तको रागामास्थित केलानिया विश्वविद्यालयको मेडिसिन संकायमा अध्ययनरत छन् ।

ती विद्यार्थी शनिबार बिहान हाईकिङमा निस्किएका थिए तर बाक्लो कुहिरो र वर्षाका कारण फर्कने क्रममा बाटोमै हराएको प्रवक्ताले बताएका छन् ।

हान्थाना, श्रीलङ्काको मध्यहाइल्याण्ड्समा अवस्थित विश्वविद्यालयका विद्यार्थीहरूका लागि लोकप्रिय पदयात्रा गन्तव्य हो । यस क्षेत्रमा अचानक मौसम परिवर्तनका कारण प्रत्येक वर्ष केही विद्यार्थीहरू यसैगरी हराउँने गरेका समाचार सार्वजनिक हुने गर्छन् ।

## श्रीलङ्कामा दैनिक ९३८ मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन

कोलम्बो, १७ मङ्सिर (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा दैनिक ९३८ मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेको छ । तीमध्ये चार प्रतिशत मात्रै पुनः प्रयोगमा ल्याउँन मिल्ने खालको हुने गरेको पाइएको संसदको सञ्चार विभागले शनिबार संसदीय समितिलाई उद्धृत गर्दै जनाएको छ ।

वातावरण, प्राकृतिक स्रोत तथा दिगो विकाससम्बन्धी क्षेत्रीय अनुगमन समितिले ती उत्पादित फोहोरमध्ये ३२ प्रतिशत मात्रै फोहोर सङ्कलन भएको खुलासा गरेको छ ।

समितिले उद्योगीहरूलाई विनानिगरानी सहजरूपमा प्लास्टिक आयात गर्न अनुमति दिनाले पनि समस्या बढ्दै गएको बताएको छ ।

श्रीलङ्काले वार्षिक चार लाख मेट्रिकटन प्लास्टिक कच्चा पदार्थ र २० हजार मेट्रिक टन फोहोरजन्य प्लास्टिक आयात गर्ने गरेको पनि सञ्चार विभागले जनाएको छ । सो समितिले वातावरणीय अधिकारीहरूलाई प्लास्टिक सङ्कलनका लागि दिइने प्रोत्साहन कार्यक्रम बढाउन निर्देशनसमेत दिएको छ ।

श्रीलङ्कामा पिल्लो समय प्लास्टिकजन्य फोहोर गम्भीर समस्याको रूपमा देखा परेको छ । समस्या विकराल बन्दै गएपछि सरकारले पुनःप्रोगमा ल्यान नमिल्ने खालका प्लास्टिकको जथाभावी प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

## पाकिस्तानमा प्रहरीद्वारा १४ आतङ्कवादी पक्राउ

इस्लामावाद, १७ मङ्सिर (रासस/सिन्ह्वा) ।

पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तमा प्रहरीले गरेको छुट्टाछुट्टै कारबाहीका क्रममा उच्च प्रोफाइलसहित १४ आतङ्ककारीलाई पक्राउ गरेको प्रहरीको आतङ्कवाद विरोधी विभाग (सिटिडी) ले जनाएको छ ।

आतङ्ककारीहरू उपस्थित रहेको जासुसी सूचनाका आधारमा प्रान्तका आठ सहरमा गरिएको कारबाहीका क्रममा उनीहरूलाई पक्राउ गरिएको सिटिडीले शनिबार एक विज्ञप्तिमा जनाएको छ ।

विभागले मुलुकभमा पाँच सय ८८ कारबाही सुरु गरेको र यस क्रममा २५ हजार मानिससँग सोधपुछ गरेको विज्ञप्तिमा उल्लेख छ ।

पक्राउ परेका आतङ्ककारीमा प्रतिबन्धित सङ्गठन तहरिक-ए-तालिबान पाकिस्तान (टिटिपी) का कमान्डर पनि रहेका छन् । उनलाई अनुसन्धानका लागि अज्ञात स्थानमा लगिएको छ ।

प्रहरीले पक्राउ परेका आतङ्ककारीबाट विस्फोटक सामग्री, हतियार, गोलाबारुद र हाते ग्रिनेड बरामद गरेको छ । सिटिडीका अनुसार टिटिपीका उच्च प्रोफाइल लक्ष्यहरूले प्रान्तीय राजधानी लाहोरमा संवेदनशील प्रतिष्ठानहरूमा आक्रमण गर्ने योजना बनाइरहेका थिए ।

## उत्तरी पेरुको खानीमा आक्रमण हुँदा ९ जनाको मृत्यु, १५ घाइते

लिमा, १७ मङ्सिर, (रासस/सिन्ह्वा) ।

उत्तरी पेरुको ला लिबर्टाड विभागको पोडेरोसास्थित खानीमा शनिबार सशस्त्र आक्रमणकारीहरूले आक्रमण गर्दा कम्तीमा नौ जनाको मृत्यु हुनाको साथै १५ जना घाइते भएका छन् ।

सशस्त्र अपराधीहरूको समूहले खानीका सुरक्षा गार्डहरूमाथि आक्रमण गरी चारजनालाई बन्धक बनाएको पनि गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । स्थानीय समय अनुसार बिहान १:०० बजे सो आक्रमण भएको हो । घटनाको अनुसन्धान जारी छ ।

# बृहत् निशुल्क क्रिकेट प्रशिक्षण मेगा क्याम्प सुरू



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**
सप्तरीमा विद्यालय स्तरबाटै क्रिकेटप्रति आकर्षण बढाउन राजबिराजमा बृहत् निशुल्क क्रिकेट प्रशिक्षण मेगा क्याम्प सुरू गरिएको छ ।

आईतवार सप्तरी क्रिकेट संघ र सबल नेपालको संयोजन तथा नेपाल क्रिकेट फाउन्डेशनको सहयोगमा राजबिराजस्थित पविमाबि खेलमैदानमा ग्रास रूट क्रिकेट कोचिगं मेगा क्याम्प आयोजना गरिएको हो ।

मंसिर १७ देखि २१ सम्म संचालन हुने शिविरमा पहिलो दिन जिल्लाभरीका १५ वटा बिधालयका २ सय ५० भन्दा बढी छात्रछात्राहरूले सहभागीता रहेका छन् ।

उक्त क्रिकेट प्रशिक्षणमा आईसीसी मान्यता प्राप्त ६ जना बिदेशी कोच (लेवल १, २, ३) र नेपालका १ जना प्रशिक्षक (लेवल ३) बाट आधारभुत क्रिकेटको ज्ञान, सीप, प्रशिक्षण, शारिरिक ब्याम, अतिरिक्त क्रिकेट सीप, आधारभुत अम्पायर र स्कोरिङ सम्बन्धी जानकारी समेत दिने सबल नेपालका कार्यक्रम संयोजक रोशन मण्डलले जानकारी दिए ।

सामुदायिक विद्यालयका छात्रालाई तल्लो तहदेखि र महिला क्रिकेट उत्थानका लागी छात्राहरुलाई क्रिकेटको प्रशिक्षण तथा प्रतियोगिता आयोजना हुन लागेको सप्तरी क्रिकेट संघका सचिव चन्दन यादवले जानकारी दिए ।

क्रिकेटमा महिला खेलाडी उत्पादन गर्ने उद्देश्यले राजबिराजमा २ वर्ष देखि काम गर्दै आएको नेपाल क्रिकेट फाउण्डेसनसँगको सहकार्यमा कोशी प्रदेश र मधेश प्रदेशका केही विद्यालयका विद्यार्थीलाई सहयोग गरिरहेको नेपाल क्रिकेट फाउण्डेसनका अध्यक्ष अभिषेक श्रेष्ठले बताए । विद्यालयहरूमा क्रिकेट खेल्ने वातावरण समेत बनिरहेको उनले बताए ।

फाउण्डेशनका अध्यक्ष श्रेष्ठले नयाँ खेलाडी उत्पादन हुनुका साथै खेलाडीमा खेलप्रति जागरुक एवं आत्मबल वृद्धि हुने बताए ।

आइसिसिकी सदस्य सारा वेगले नेपालका छात्रालाई क्रिकेट प्रति उत्साह तथा सिप प्रदान गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको जानकारी दिइन् । उनले विगतदेखि यस क्षेत्रमा सारा वेग मार्फत छात्राहरुलाई खेल सामाग्री सहयोग गर्नुका साथै फरक ढंगबाट दिएको प्रशिक्षणबाट अन्तर्राष्ट्रिय रुपमा खेल्ने खेलाडीहरु तयार भएको उदाहरण रहेको बताइन् ।


सप्तरीको राजबिराज नगरपालिका, सुरूगां नगरपालिका र खडक नगरपालिका फाउण्डेसनले छात्रा क्रिकेट खेलाडी उत्पादन गरिरहेको छ । दुई हप्तासम्म क्रिकेट विथ आउट बाउण्ड्रीका पदाधिकारी तथा प्रशिक्षकहरूले प्रशिक्षण दिने जनाइएको छ ।

छात्राहरुलाई क्रिकेटप्रति जागरुक गराउन एवं प्रशिक्षण दिन आइसिसिबाट अलि मेकरेडी, गोलाण्ड हरिस, साकिव मिहास, सारा बेग, काज मिलहाल, रव वेली आएका छन् ।

# कोशी प्रदेश सरकारमा तीन मन्त्रीलाई जिम्मेवारी

**दैनिक समाचारदाता**
**विराटनगर, १७ मंसिर ।**
कोशी प्रदेश सरकारका तीन मन्त्रीलाई जिम्मेवारी बाँडफाँट गरिएको छ । मुख्यमन्त्री केदार कार्कीको सिफारिसमा प्रदेश प्रमुख परशुराम खापुङले नेपालको संविधानको धारा १६८को उपधारा (९) बमोजिम कार्यविभाजनसहित जिम्मेवारी हेरफेर गरेका हुन् ।

सो कार्य विभाजनअनुसार मन्त्री शमशेर राईलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालय, मन्त्री गणेशप्रसाद उप्रेतीलाई पर्यटन, वन तथा वातावरण मन्त्रालय र मन्त्री कमलप्रसाद जवेगुलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । बाँकी मन्त्रालयहरू मुख्यमन्त्री कार्कीले राखेका छन् ।



सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०।०५।५८
स्था. २०५७

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राजविराज–४, सप्तरी**

पं.सं. :- ०८०।८१
च.नं. :- १२२

मिति : २०८०/०८/१८

**सुचना !**

**बिषय :- संस्थाको २२औं बार्षिक साधारण सभामा सहभागी हुने बारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८० मंसिर २ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको २२औं बार्षिक साधारण सभा तपसिलमा उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागी देहायमा उल्लेखित एकाईहरुमा प्रतिनिधि मुलक साधारण सभा संचालन हुने भएको हुँदा यस संस्थाका सम्पुर्ण सदस्य महानुभावहरुलाई निम्न मिति,स्थान र समयमा सहभागिताका लागी हार्दिक अनुरोध छ ।

**साधारण सभामा छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फ बाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत बार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व.०७९/०८० मा संचालक तथा लेखा समिती द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्बन्धमा ।
५. आ.व ०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा अनुमानित बजेट स्वीकृती गर्ने सम्बन्धमा ।
६. शेयर लाभांश वितरण सम्बन्धमा ।
७. सरंक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
८. आ.व. ०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
९. संस्थाको विनियम पुर्नलेखन /संशोधन तथा निति नियमावलीहरु, आन्तरिक कार्यविधिहरु र निर्देशिकाहरु सम्बन्धमा ।
१०.बहुउद्देश्यीय व्यावसायिक कृषि फार्म संचालन सम्बन्धमा ।
११.संस्थाका संचालक समिति, लेखा समिति र अध्यक्षको बैठक भत्ता तथा पारिश्रमिक सम्बन्धमा ।
१२.साधारणसभाको एकाई बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि छनौट तथा साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।
१३.कार्यसुचिमा थप भएका अन्य प्रस्तावहरु ।

कार्यक्रम – १. मिति २०८०/०९/२१ गते ,२३ गते र २५ गते सम्म तल उल्लेखित तालिका बमोजिम एकाई भेला मार्फत सुझाव संकलन तथा प्रस्तावहरु उपर छलफल र एकाई प्रतिनिधि छनौट गरी एकाई बैठकको निर्णय प्रमाणित गर्ने ।
२. मिति २०८०/०९/२७ गते एकाई भेला मार्फत चयन भएका प्रतिनिधिहरुको उपस्थितीमा संकलित सुझावहरु र साधारणसभाका प्रस्तावहरु उपर छलफल गरी २२औं बार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने ।

| बैठक मिति | एकाई | एकाईको क्षेत्र | बैठक समय | बैठक स्थान | एकाई बैठकको निर्णय प्रमाणित गर्न प्रतिनिधि संख्या | साधारणसभाको निर्णय प्रमाणित गर्न चयनहुने प्रतिनिधि संख्या |
|---|---|---|---|---|---|---|
| २०८०/०९/२१ गते | १ | राजबिराज न.पा. क्षेत्र | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |
| २०८०/०९/२३ गते | २ | सप्तरी पुर्वी क्षेत्र (राजबिराज न.पा. क्षेत्र देखी पुर्व ) | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |
| २०८०/०९/२५ गते | ३ | सप्तरी पश्चिमी क्षेत्र (राजबिराज न.पा. क्षेत्र देखी पश्चिम ) | बिहान ११ बजे | संस्थाको कार्यालय परिसर | १५ | ७ |

**एकाई प्रतिनिधिहरु बाट साधारण सभाको निर्णय प्रमाणिकरण बैठक**

| बैठक मिति | सहभागी | समय | स्थान |
|---|---|---|---|
| २०८०/०९/२७ | चयन भएका एकाई प्रतिनिधिहरु | बिहान ८ बजे | संस्थाको कार्यालय परिसर |

संचालक समितिको आज्ञाले
व्यवस्थापक
व्यवस्थापक
ज.ब.स.स.लि.

# एनसेलको शेयर खरिदबिक्री छानबिन गर्नुपर्छ : सांसद सिंह

काठमाडौं, १७ मंसिर (रासस) ।
प्रतिनिधिसभा सदस्य डा अमरेशकुमार सिंहले दूरसञ्चार कम्पनी एनसेलको शेयर खरिदबिक्री शङ्कास्पद भएको दाबी गर्दै छानबिनका लागि सरकारसँग माग गर्नुभएको छ ।

आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा सांसद सिंहले एनसेलको शेयर खरिदबिक्रीमा कर छली भएको दाबी गर्नुभयो । "जुन कम्पनीको वार्षिक रु ४० अर्बभन्दा बढी आम्दानी छ, त्यो कम्पनी रु साढे छ अर्बमा कसरी बिक्री हुन्छ ? यो पत्याउन सकिन्न", सांसद सिंहले भन्नुभयो ।

सन् २०१६ मा तत्कालिन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत शेयर रु एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात रु एक खर्ब ४४ अर्ब ७ करोडमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो । तर अहिले सोही शेयर पाँच करोड डलर अर्थात् रु साढे छ अर्बमा बिक्री गरिएकोप्रति उहाँले शंका व्यक्त गर्नुभयो ।

# अपाङ्गता भएका यात्रुलाई निगमले हवाई भाडामा छुट दिने

काठमाडौं, १७ मङ्सिर (रासस) ।
नेपाल वायुसेवा निगमले आन्तरिक हवाई उडानमा अपाङ्गता भएका यात्रुलाई टिकट शुल्कमा छुट दिने घोषणा गरेको छ । निगमले आफ्ना हरेक आन्तरिक उडानमा सुरुमा टिकट काट्ने अपाङ्गता भएका दुई यात्रुलाई हवाई शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय गरेको हो ।

"अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा आइतबारदेखि लागू हुने गरी रातो, निलो र पहेँलो वर्गको अपाङ्गता परिचय पत्र लिएका यात्रुका लागि हरेक आन्तरिक उडानमा पहिलो दुई जना यात्रुलाई हवाई भाडामा ५० प्रतिशत छुट दिने निर्णय गरिएको छ", निगमले भनेको छ ।

उक्त सुविधाका लागि सम्बन्धित यात्रुले सक्कल परिचय पत्रसहित निगमको कार्यालयमा सम्पर्क राख्नुपर्ने निगमको भनाइ छ ।

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**
महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**
१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**
मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानुनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*